# म्याङलुङ्ग नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
म्याङलुङ्ग, तेह्रथुम
१ नं. प्रदेश, नेपाल


**कृषि सामाग्री (कोदो चुट्ने मेसिन, मकै छोडाउने यन्त्र, हाते ट्याक्टर, कम्बाईड मिल)आपूर्ति सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**

(प्रथम पटक प्रकाशित मिति २०७८/११/१०)

प्रस्तुत विषयमा यस नगरपालिकाको लागि आ.व. ०७८/७९ को वार्षिक कृषि शाखाको सशर्त तर्फको रैथाने बाली प्रवर्द्धन कार्यक्रमको लागि आवश्यक कृषि सामाग्री खरिद गर्नुपर्ने भएको हुँदा ईच्छुक सम्वन्धित इजाजतप्राप्त फर्मले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन (२०७८/११/२०) को कार्यालय समय भित्र रु.१०००।— (फिर्ता नहुने गरी) तिरी शिलबन्दी दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले तपशीलको शर्त/अधिनमा रही शिलबन्दी दरभाउपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धि सबैको जानकारीको लागि सूचना प्रकाशन गरिएकोछ ।

## तपशील

१. शिलबन्दी दरभाउपत्र खरिद गर्नका लागि निवेदकले आ.व. ०७८/७९ का लागि अघिल्लो आ.व.को नवीकरण गरेको कर चुक्ता प्रमाणपत्र वा सो सँग मान्न हुने अन्य कुनै लिखित कागजात, कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, आयकर तथा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राख्नपर्नेछ।

२. उक्त प्रक्रियामा सहभागी हुन आउँदा मु.अ.कर मा दर्ता भएको र आ.व. ०७७/७८ को कर चुक्ता प्रमाणपत्र वा सो सँग सम्वन्धित कागजात संलग्न गरेको हुनुपर्नेछ ।

३. शिलबन्दी दरभाउपत्र दर्ता सूचना प्रकाशन भएको मितिले १६ औ दिनको मध्याह्न १२ बजे भित्र म्याङलुङ नगरपालिका खरिद शाखामा दर्ता गरिसक्नुपर्नेछ । यदि सो दिनमा सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको साविक कै समय बमोजिम हुनेछ । साथै दर्ता भएकै दिन दिउँसो ठीक १ बजे जिल्ला प्रशासन कार्यालय तर कोष तथा लेखा नियन्त्रक कार्यालय तेह्रथुमको प्रतिनिधिहरुको रोहवरमा पेश भएको शिलबन्दी दरभाउपत्र खोलिनेछ साथै उक्त कार्यक्रममा फर्मको प्रतिनिधिहरुलाइ समेत राख्न सकिनेछ एवं फर्म प्रतिनिधि नभएको खण्डमा दरभाउपत्र खोल्ने कार्यक्रमलाइ वाधा पर्नेछैन ।

# म्याङलुङ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

म्याङलुङ, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

४। दरभाउत्रपत्र साथ नेपाल बैंक लिमिटेड तेह्रथुम शाखामा यस नगरपालिकाको धरौटी खाता नं. ०५४०३०००००३०००००००००१ मा फर्मको नामबाट तपशीलमा उल्लेखित जमानत बापतको रकम जम्मा गरेको भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मितिले कम्तीमा ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त क वर्गका वाणिज्य बैकहरु मध्येबाट यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानत (विडबण्ड) पेश गर्नुपर्नेछ । सम्झौता सम्पन्न भएपछि मात्र दरउभापत्र जमानत बापतको रकम फिर्ता गरिनेछ ।

५। शिलबन्दी दरभाउपत्रमा कबोल गरिएको दररेट अंक र अक्षरमा दुवै मा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइनेछ । केरमेट भएको स्थानमा दस्तखत गरेको हुनुपर्नेछ ।

६। बैंक जमानत, परफरमेन्स ग्यारेन्टी, अग्रिम पेश्की लगायतका कागजातहरु सार्वजनिक खरिद अनुगमन कार्यालयबाट तोकिएको Standard ढाँचामा हुनुपर्नेछ । तोकिएको ढाँचामा अनुसार नभएमा मूल्यांकनमा समावेश गरिने छैन ।

७. प्राप्त हुन आएका दरभाउपत्र प्रतिस्पर्धाको आधारमा स्वीकार गर्ने अथवा पूर्ण रुपमा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ । कार्यालयले आवश्यकता अनुसार कृषि सामाग्री (कोदो चुट्ने मेसिन, मकै छोडाउने यन्त्र, हाते ट्याक्टर, कम्बाईड मिल) पटक पटक खरिद गर्नसक्नेछ ।

८. उपर्युक्त उल्लेखित कागजातहरु पेश नगरेको दरभाउपत्रदाताहरुको दरभाउपत्र कुनै कारवाही हुने छैन साथै दरभाउपत्रदाताले अनिवार्य रुपमा उत्पादक कम्पनीको खरिदकर्ताको नाममा उल्लेखित दरभाउपत्रको लागि जारी गरिएको Authority letter दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

९. एक विक्रेताको नाममा विक्री भएको दरभाउपत्र फाराम अर्को विक्रेताको नाममा दाखिला गर्न पाउनेछैन ।

१०. कार्यालयमा थप आवश्यक कृषि सामाग्री भै खरिद गर्नुपर्ने भएमा सोही दररेट अनुसार थप खरिद गर्न पनि सकिनेछ । शिलवन्दी दरभाउपत्र मा पेश गरेको मूल्यमा यस आ.व.का लागि दररेट भएको हुँदा आगामी आषाढ मसान्त सम्म कुनै प्रकारको मूल्यवृद्धिलाइ स्वीकार गरिनेछैन ।

# म्याङलुङ्ग नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

म्याङलुङ्, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

११. शिलबन्दी दरभाउपत्र पेश गर्दा मू.अ.कर लाग्ने सामानमा मू.अ.कर सहितको दररेट पेश गर्नुपर्नेछ ।

१२. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउँदा कार्य सम्पादन जमानत बापत सम्झौता अंकको थप ५ प्रतिशतले हुन आउने रकम बराबरको मान्यता प्राप्त वाणिज्य बैंकबाट जमानत वा नगद माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

१३. दरभाउपत्रदाताले दरभाउपत्र फारामको प्रत्येक पानाहरुमा नमेटिने मसीले सही गरी फर्म वा कम्पनीको छाप समेत लगाउनुपर्नेछ ।

१४. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ संशोधन सहित तथा अन्य प्रचलित ऐनमा नियम बमोजिम हुनेछ

१५. शिलबन्दी दरभाउपत्र सम्बन्धी केही थप कुरा बुझ्नु पर्ने भएमा कार्यालयको वेवसाइट **www.myanglungmun.gov.np** वा कार्यालय समयमा ०२६-४६०१३५ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

२०७८/११/०५

नि.प्रमुख प्रशासकीय अधिकृत